# अख्तियार दुरुपयोग अनुसन्धान आयोग

# टंगाल, काठमाडौं

मिति: २०७६।०३।०९ गते

## प्रेस विज्ञप्ति

### विषय: आरोप-पत्र दायर गरिएको।

---------------------------------------------------

जिल्ला सिराहा साविक राघोपुर गा.वि.स. स्थित श्री निम्म माध्यमिक विद्यालयमा जिल्ला शिक्षा कार्यालय, सिराहा तथा साविक गाविसको कार्यालय राघोपुरबाट समेत अनुदान प्राप्त भएकोमा भवन निर्माण समितिका अध्यक्ष जागेश्वर धुरझार (यादव) ले लामो समयदेखि अधुरो छाडी भवन निर्माणमा अनियमितता गरेको भन्ने समेत व्यहोराको उजुरी सम्बन्धमा अनुसन्धान हुँदा निज जागेश्वर धुरझार (यादव)ले निम्न माध्यमिक विद्यालय, राघोपुर, सिराहाको निर्माण समितिका अध्यक्षको रूपमा साविक राघोपुर गाविसको कार्यालयबाट रकमसमेत बुझेकोमा निजले लिएको रकम भन्दा निजले गरेको कामको रकमबिच अन्तर भै रक्त हिनामिना गरेको स-प्रमाण पुष्टि भएकोले निर्माण समितिका अध्यक्ष निज जागेरश्वर धुरझार (यादव) ले भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ८ को उपदफा (४) बमोजिमको कसुर गरी नेपाल सरकारलाई रू.४,६१,०८८।३४ (अक्षरूपी चार लाख एकसट्ठी हजार अठासी रूपैयाँ चौतीस पैसा) हानि पुऱ्याएको देखिएकोले निज जागेश्वर धुरझार (यादव) लाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा(४) बमोजिम सजाय हुन मागदावी लिई आज विशेष अदालत काठमाडौंमा आरोप-पत्र दायर गरिएको छ ।

(प्रदीपकुमार कोइराला)

प्रवक्ता